**Voice : A Biannual & Bilingual Journal**
*2023 December, Vol : 15, No. 2, pp.142-149*
DOI : https://doi.org/10.3126/voice.v15i2.61459

# भाषिक सिपको विकासमा उखान शिक्षण

इन्द्रबहादुर भण्डारी 'इन्द्रेणी'[१]

Article History: Received: September 10, 2023 Reviewed : November 15, 2023 Accepted: December 18, 2023

## सारसङ्क्षेप

उखान लोकसाहित्यको महत्वपूर्ण विधा हो र लोकको बौद्धिक उक्ति हो । लोकले सदियौं देखिका अनुभवहरूलाई सूत्रात्मक रूपले प्रस्तुत गर्दा उखानहरू जन्मिएका हुन् । उखान शिक्षण भाषाशिक्षणका लागि अत्यन्तै महत्वपूर्ण सामग्री बन्न सक्छ । भाषाशिक्षणका लागि उखानलाई उपयोगी सामग्रीका रूपमा प्रयोग गर्दा सिकारुले पहिलो कुरा त भाषिक सिप सिक्न सरल माध्यम बन्न सक्छ भने अर्कातिर लोकले सदियौंदेखि संगालेका लोकअनुभवहरुको ज्ञान प्राप्त गर्दै नैतिक शिक्षा प्राप्त गर्न सक्छन् । उखानको अन्तिम लक्ष्य भनेको नीतिशिक्षा प्रदान गर्नु हो । कुनै पनि व्यक्ति भाषिक रूपले क्षमतावान नभएसम्म वा आफ्नो ज्ञानको क्षितीज नबढाएसम्म नीतिशिक्षा व्याबहारिक ज्ञान प्राप्त गर्न सक्दैन । उखानहरू नीतिसन्देशमूलक र व्यङ्ग्यार्थ मूलक हुन्छन् भने रसिला पनि हुन्छन् । त्यसो त उखानहरू समाजका विभिन्न विषय र क्षेत्रसँग सम्बन्धित हुन्छन् जसले समाजका हरेक क्षेत्रमा देखिएका समस्याहरूलाई सकारात्मक वा नकारात्मक दुबै रूपले व्यङ्ग्य गर्दै सकारात्मक सन्देश दिएका हुन्छन् । उखानले व्यक्त गर्ने नीतिसन्देश श्रोताको उमेर र स्तरअनुसार सामान्यदेखि उच्चस्तरको प्रतीयमान अर्थ दिने हुन्छ । त्यसैले उखानको अध्ययन गरी यसलाई भाषाशिक्षणको सामग्रीका रूपमा प्रयोग गरी एकातिर व्यावहारिक जीवनमा यसको प्रयोग गर्नु र अर्कातिर महत्वपूर्ण ज्ञान प्राप्त गर्नमा उखान शिक्षण उपयोगी साबित हुन सक्छ ।

**शब्द कुञ्जिका** : नीतिशिक्षा, प्रतीयमान, लोकोक्ति, क्षितीज, बक्रोक्ति, व्यञ्जना, लोकानुभव।

[१]शिक्षण सहायक, त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस नेपालगंज, बाँके
इमेल : indrani40bhandari@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke
The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

## विषय परिचय

भाषा मानवीय बिचार बिनिमयको माध्यम मात्र नभएर मानव मात्रका लागि प्राप्त प्राकृतिक उपहार हो । भाषाको विकाससँगै मानिसले संसारमा अनेकौं विकासका क्षितिजहरु उघार्दै अगाडि बढिरहेको छ । भाषाको विकास जति जति हुँदै जान्छ त्यति त्यति मानिसले संसारलाई साँघुरो घेराभित्र सिमित गर्दै गईरहेको छ । संसारका हरेक गतिशील भाषाले आफ्नो विकासको लागि नयाँनयाँ विधि र उपायहरुको विकास गरिरहेका छन् । त्यस्तै गतिशील भाषाहरु मध्ये नेपाली भाषा पनि गतिशील र विकसित हुँदै गरेको भाषा हो । संस्कृत भाषाबाट विकसित भएको नेपाली भाषाले नेपालका अतिरिक्त विभिन्न देशहरुमा पनि आफनो प्रभावलाई अगाडि बढाई रहेको छ । आधुनिक भाषाबिज्ञानले भाषाशिक्षणलाई भाषा विकासको महत्वपूर्ण उपाय स्वीकारी रहेको छ । भाषा शिक्षण भाषाको सुनाई, बोलाई र लेखाईको विकास गराउनुका साथै भाषाको विशिष्ट प्रयोगमा जोड दिनु  हो । एउटै भाषाभित्र पनि अने कौं भेदहरु हुन्छन् त्यसमा पनि व्यक्ति भाषासम्मको भाषिक भेदले भाषाको मानक प्रयोगमा प्रशस्तै भाषिक त्रुटीहरु देखिन्छन् । नेपाल वहुभाषिक विशेषता भएको मुलुक भएको हुनाले विभिन्न भाषिक समुदायका विद्यार्थीहरुलाई एउटै कक्षामा राखेर भाषा शिक्षण गराउन निकै समस्याहरु देखिएका छन् । वहुभाषिक कक्षामा भाषा सिकाईलाई प्रभावकारी बनाउन उपयुक्त भाषिक सामग्रीको छनोट जरुरी हुन्छ । त्यसैले नेपाली भाषा शिक्षणका लागि उखान अत्यन्तै उपयोगी भाषिक सामग्री बन्न सक्छ ।

### भाषा शिक्षण र उखान

नेपाली भाषा साहित्य, दर्शन ज्ञान बिज्ञान, प्रविधिका अतिरिक्त पठन पाठनको प्रमुख माध्यम बन्दै गईरहेका छन् । नेपाली भाषा विद्यालयदेखि महाविद्यालयसम्मको पठन पाठनको प्रमुख माध्यम भाषा बन्दै गईरहेको छ र यसको प्रयोग दिन प्रतिदिन व्यापक बन्दै गईरहेका छ । विद्यालय तहमा नेपाली भाषा शिक्षणका मुख्यतः दुईवटा प्रयोजनहरु देखिन्छन् जसमा पहिलो नेपाली भाषाका मध्यमद्वारा पठनपाठन गराइने अन्य विषयका सामग्रीहरुलाई विद्यार्थीका साम् सरल 9ª\गले प्रस्तुत गर्ने माध्यम वा औजारका रुपमा नेपाली भाषा प्रयोग भएको छ भने अर्को प्रयोजन हो उच्च स्तरीय बोध र अभिव्यक्ति क्षमताको विकास गरि नेपाली भाषामा दक्षता बढाउने आधार तयार पार्नु जसबाट उच्चशिक्षाका आफ्ना विषय क्षेत्रमा उच्चस्तरको क्षमता प्राप्त गरी भाषा र साहित्यका माध्यमद्वारा देशलाई विश्वमा चिनाउनुका लागि भाषिक क्षमताको विकास गराउन भाषाशिक्षणको महत्व व्यापक बनेर गएको छ । भाषा शिक्षणका लागि सामग्रीको छनोट अत्यन्तै महत्वपूर्ण मानिन्छ । सिकारुको स्तर अनुसार सामग्री छनोट उपयुक्त भएन भने भाषा शिक्षण प्रभावकारी बन्न सक्दैन । हुनत कुनै पनि वालकले आफ्नो मातृभाषा आमाको काखमा नै सिक्ने गर्दछ तर त्यो भाषा सिकाई सिकाई र स्तरीय भाषा सिकाईमा नितान्त भिन्नता रहेको छ । उदाहरणका लागि लागि पठित व्यक्तिले बोल्ने भाषा र अपठित व्यक्तिले बोल्ने भाषामा आकाश र जमिनको भिन्नता पाउन सकिन्छ । भाषा शिक्षणको प्रारम्भमा रोचक र सरल सामग्रीको छनोट भएन भने भाषा सिकाई प्रभावकारी बन्न सक्दैन त्यसैले सरल र रोचक सामग्री केवल उखान नै बन्न सक्छन् । हामीसँग भाषा शिक्षणका लागि अत्यन्तै महत्वपूर्ण र सरल सामग्री उखानहरु हुँदा हुँदै अनावश्यक जटिल ठूला ठूला सङ्कथनहरु प्रयोग गरिरहेका छौं । त्यसैले प्रारम्भिक भाषा सिकाईका लागि उखान नै उपयुक्त सामग्री बन्न सक्छ ।

### लोकसाहित्य उखान

एक पुस्ताबाट अर्को पुस्तामा मौलिक रुपले हस्तान्तरित हुँदै आएको लोकका कथा-व्यथा तथा दुःख-सुख एवम् चाडपर्व र जीवनका विविध क्षणका अनुभव वा अनुभूतिहरूको सँगालो हो । यसमा समयको गतिअनुसार केही थपिने र केही बिलाउने प्रक्रिया चलिरहन्छ । त्यसैले लोकसाहित्य आदिमता र नवीनताको सम्मिश्रण हो भन्नु पर्ने हुन्छ । यस क्रममा के भन्न सकिन्छ भने वैदिक ऋचाहरू झैं वैयक्तिक रुपमा र श्रुति परम्पराâारा हुर्किदै व्यक्ति-

व्यक्तिलाई प्रभावित पार्ने लोक साहित्य लिखित साहित्यको पृष्ठभूमि हो लोकजीवनले विभिन्न खुड्किलाहरू पार गर्दै आउँदा त्यहाँ प्राचीनताको आभाष मिल्छ । त्यसकै प्रस्तुतिको माध्यम लोकसाहित्य बन्न पुगेको हुन्छ । तसर्थ लोकसाहित्यको इतिहास प्राचीन छ भन्न सकिन्छ । यही प्राचीन इतिहास बोकेको लोकजीवनको वस्तु तथ्यलाई सरल तथा सहज किसिमले व्यक्त गर्न सक्ने वास्तविक साहित्य नै लोकसाहित्य हो । लोकसाहित्य विभिन्न विधा-उप विधाहरूले युक्त छ ।

पूर्वीय साहित्यको विशाल भण्डारमा साहित्य सिर्जना र साहित्य चिन्तनको आफ्नै गौरवशाली परम्परा रहि आएको छ । पूर्वीय साहित्यका महानतम् सिर्जनाहरु रामायण, महाभारतादि महान् साहित्यिक सिर्जनाहरु भएका छन् । पूर्वीय साहित्यका सम्पन्न साहित्यिक सिद्धान्तहरु रस, ध्वनि, वक्रोक्ति, औचित्य र अलङ्कार आदि पूर्वीय साहित्यिक चिन्तन परम्परा कै उपज हुन् । पूर्वीय वाङ्मय साहित्य सिर्जना र चिन्तनको प्रभाव केवल पूर्वीय साहित्यमा मात्रै नभएर पाश्चात्य साहित्यमा पनि देखापरेको देखिन्छ । अझ लोकसाहित्यसँग त यसको सम्बन्ध नङ र मासुको जस्तो देखिन्छ । लोकसाजले लोकसाहित्य जन्मायो, लोक साहित्यको गर्भबाट नै लेख्यसाहित्यको जन्म  भयो ।

**लोकसमाजको शिक्षण विधि**

लोकसमाज आफैमा खुल्ला विश्वविद्यालय हो । लोकसमाजको शक्षिक पद्धति आफ्नै प्रकारको छ । जीवन जिउने क्रममा सङ्ग्रहित अनुभवहरुलाई कुनै न कुनै विधामा ढालेर सुन्दर रुपले व्यक्त गर्दै भाषिक ज्ञान र नीतिशिक्षा दिएका हुन्छन् । चाहे लोकगीत सुनाएर होस् या लोकगाथा सुनाएर या गाउँखाने कथा सुनाएर होस् या उखान र टुक्का सुनाएर यी सबै लोकशिक्षाका माध्यमहरु हुन् । हजुर आमाले आफ्ना नाति नातिनीलाई कुनै साहसिक वा अद्‌भूत घटनाक्रमलाई गीतका माध्यमबाट कथेर लोकगाथा सुनाएर होस् या नाटक खेलेर होस् या गाउँखाने कथा सुनाएर होस् यी सबै लोकजीवनका शैक्षिक पद्धतिहरु हुन् । लोकगाथा विशेष गरी नेपाली समाजमा गाइने जाति (गन्धर्व) ले आफ्नो सारङ्गीको धुनमा गाउँ गाउँमा सुनाउने प्रचलन छ । लोकगाथा गीत र कथाको सम्मिश्रण हो । लोकगाथाहरू वीर गाथा, भक्ति गाथा,  नैतिक,  धार्मिक,  पौराणिक  र व्यक्ति विशेष सँग सम्बन्धित हुन्छन् । यो कुनै विशेष ऐतिहासिक घटनासँग पनि सम्बन्धित हुन्छ । यसको उर्वर क्षेत्र भनेको ग्रामीण लोक समाज नै हो ।

अर्को लोकप्रिय विधा लोकनाटक हो । लोक जीवनका विभिन्न अनुभवहरूलाई संवाद तथा गीतका माध्यबाट लोकसमक्ष अभिनयका माध्यमबाट प्रस्तुत गरिने विधा लोकनाटकको जन्म लोककथा तथा लोकगीतबाट भएको अनुमान गर्न सकिन्छ । लोकनाटकमा गाईजात्रा, इन्द्रजात्रामा देखाइने दशावतार, लाखेनाच झ्यालीनाच, मारूनी र सोरठीनाच कृष्णलीला, रामलीला आदि पर्दछन् ।

लोकसाहित्यको अर्को महत्वपूर्ण विधा गाउँखाने कथा हो । यो एक किसिमको मौखिक कुट अभिव्यक्ति हो । यो नेपाली समाजमा निकै प्रचलित तथा प्रिय छ । गाउँखाने कथा प्रायःजसो मेलापात जाँदा, वनजङ्गल जाँदा घर परिवारमा बस्दा प्रश्न सोध्ने र उत्तर दिने काम गरिन्छ । यसमा प्रश्नकर्ताले विभिन्न शैलीमा गाउँखाने कथाको प्रश्न राख्छन् र श्रोता अर्थात उत्तरदाताले उत्तर दिनुपर्ने हुन्छ । यदि उत्तर दिन नसकेमा कुनै गाउँ दिनुपर्छ अनिमात्र प्रश्नकर्ताले त्यसको उत्तर दिन्छ । गाउँखाने कथाहरू सामाजिक, धार्मिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र नीति चेतनासँग सम्बन्धित हुन्छन् यसबाट मानिसको बुद्धि जाँच्ने गरिन्छ भने यसको लाक्षणिक अर्थ जो बुद्धिमानी छ त्यसलाई गाउँ दिनु वा गाउँको नेतृत्व दिनु पर्नै हुन्छ । यो पनि लोकशिक्षाको महत्वपूर्ण माध्यम हो ।

**उखान**

उखान, संस्कृतको आख्यान शब्दमा उप उपसर्ग गाँसिएर उपाख्यान शब्द बनेको र त्यसैबाट उखान शब्द विकसित भएको मानिन्छ । उखानलाई अङ्ग्रेजीमा प्रोभर्व, हिन्दीमा कहावत, संस्कृतमा लोकोक्ति, सभाषित आदि भन्ने गरिन्छ ।

नेपाली भाषाका विभिन्न भाषिकाहरूमा यसका निम्ति आहान, आन, साइतर, ज्ञान आदि शब्दहरु प्रचलित छन् । ‘नेपाली बृहत् शब्दकोशमा लोकको अनुभवलाई सँगालिएको र सङ्क्षेपमा व्यक्त भएको गहकिलो तथा चमत्कारपूर्ण वाक्य नै लोकाक्ति हो भन्ने जनाईएको छ। यसरी नै सोही शब्दकोशमा लोकजीवनमा प्रचलित अनुभवपूर्ण चुड्किला, उक्ति, आहान र कहावतलाई उखान अर्थमा प्रस्तुत गरिएको छ। त्यसै गरी ‘अक्सफोर्ड एडभान्सड लर्नर्स डिक्सनरीमा यसलाई सल्लाह वा चेतावनीका शब्दमा व्यक्त गरिने जनप्रिय एवम् सङ्क्षिप्त कथनका रुपमा पनि अर्थ्याईएको पाईन्छ ।

प्रयोगात्मक नेपाली शब्दकोशमा ‘नीति’ शब्दको अर्थ यसरी दिईएको छ ,“लोकले लिनुपर्ने आचार व्यबहारको सही बाटो, सदाचार कर्तव्य, आचरण , समाज सरकार संघसंस्था आदिले आफ्नो कार्य सञ्चालन गर्न निर्धारण गरेको मुख्य प्रकिया ,विधि वा मान्यता, जुक्ति, उपाय, पद्धति ।” यस्तै ‘सन्देश’ शब्दको अर्थ, “ठूलाबडाले सानालाई दिने अदेश, आज्ञा, उपदेश ।” यस्तै उखानलाई, “लोक जीवनमा चलेका सारपूर्ण कथन वा त्यस्ता उक्ति लोकोक्ति, आहान (अधिकारी र अन्य, प्रयोगात्मक नेपाली शब्दकोश २०६८, पृष्ठ ६८) ।” भनेर चिनाईएको छ ।

उखानहरू विशेषत: लोकजीवनको हृदयकोशका रुपमा रहेका हुन्छन् र यिनीहरूको प्रयोग नीति सन्देश दिनका लागि र भाषामा अलङ्कार, थपी ठाउँ गुण र मौका हेरी जुन बेला पनि प्रयोग हुन्छन् । उखानलाई जुनसुकै भाषामा जेसुकै नामले पुकारिए तापनि यसलाई लोक जीवनको नीति सन्देश मूलक सारपूर्ण अभिव्यक्तिका रुपमा लिन सकिन्छ । उखानको प्रयोग धेरै पहिलेदेखि हुँदै आए तापनि सैद्धान्तिक अध्ययन भने धेरै पछिमात्र भएको पाइन्छ । उखानहरूले जीवन र जगत्का भावनाहरूलाई सूत्रबद्ध रुपमा अभिव्यक्ति गर्छन् (शर्मा र लुईटेल,२०६२:२२८) । तसर्थ उखानहरूलाई लोक जीवनको खाँदिलो उद्गारका रुपमा लिन सकिन्छ ।

उखानले लोकसमाजलाई आत्मसात गरेको हुन्छ र प्राय: व्यञ्जनात्मक नीतिसन्देशको भाव पनि बोकेको हुन्छ । उखानलाई अनुभवसिद्ध ज्ञानका रुपमा पनि लिन सकिन्छ । मानिसले युगौं-युगबाट जुन कुराको अनुभव गर्दै आएको छ त्यसको प्रकाशन उखानबाट नै भएको छ । यसका साथै उखानले कथनलाई मीठो र सामान्य भनाईलाई विशिष्ट बनाउन मद्दत पुऱ्याउने साधनका रुपमा पनि प्रयोग भएको हुन्छ ।

हाम्रो लोकसमाज पूर्वीय सभ्यताबाट निर्देशित छ । हाम्रो लोकसमाजले पूर्वीय धर्म संस्कृति नीतिशिक्षा र हिन्दू सभ्यतालाई जीवनको मूल मार्गदर्शक सिद्धान्त मान्दै आईरहेको छ । पूर्वीय सभ्यता भनेको हिन्दूधर्मबाट निर्देशित र परिचालित नीतिमूलक धर्म व्यवस्था हो जसको प्रभाव लोकसाहित्यमा मात्रै नभएर लेख्यसाहित्यमा पनि परेको देखिन्छ। सबैखाले साहित्यको मूल लक्ष्य भनेको नै नीतिशिक्षा वा नीतिसन्देश हो । परम्परादेखि एकातिर लोकसाहित्य आफ्नै शैली र गतिमा अगाडि बढिरहेको छ भने अर्कातिर लेख्यसाहित्यले नयाँ नयाँ बान्की फेर्दै अगाडि बढिरहेको छ । लोकले आफ्नै शैलीमा विकसित गर्दै आईरहेको लोकसाहित्य वा लोकवार्ताका विविध विधाहरु मध्ये लोकोक्ति अन्तरर्गत पर्ने एउटा विधा विषेश उखान लोकको बौद्धिकताको कसी मात्रै होइन अनुभवको ज्ञान राशी पनि हो ।

## नीति शिक्षाका रुपमा उखान

नीतिशिक्षासँग लोकसाहित्यको सम्बन्धलाई खोतल्दै जाँदा लोक साहित्यका प्राय:सबै विधाहरुमा कुनै न कुनै तहमा नीतिशिक्षाको प्रयोग भएको हामी पाउन सक्छौ । हुन त लेख्यसाहित्य पनि लोकसाहित्यको गर्भबाट नै जन्मिएको साहित्य हो तर लोकसाहित्य लोकको आफ्नै मौलिकताबाट जन्मिएको लोकको ढुकढुकी हो जसमा कृतिमताको कुनै गन्ध पनि पाउन सकिँदैन । जहाँ कला सहज रुपमा व्यक्त हुन्छ त्यहाँ नीतिशिक्षा चमत्कृत बनेर आएको हुन्छ। नीतिशिक्षाको अर्थ व्यङ्ग्याथमूलक र कला सौन्दर्य मूलक हुन्छ र लोकसाहित्यमा प्राय:जसो नीतिशिक्षा कलासौन्दर्यका रुपमा आएको हुन्छ ।

लोकसाहित्यका विविध विधाहरुमध्ये लोकोक्तिका रुपमा रहेका उखान र टुक्का नीतिसँग सम्बन्धित छन् । उखान नीति मूलक लोकोक्ति हो भने टुक्का भाषासँग सम्वन्धित भाषाको अभिन्न अङ्ग हो । "उखानले समग्र कथनलाई समेटेको हुन्छ भने टुक्काले शब्द शक्तिसँग जोडिएर लक्षणा र व्यञ्जना शब्दशक्तिलाई साथ दिएका हुन्छ (बन्धु, २०६२,पृ.२४५)" यस अर्थमा टुक्का भन्दा पनि उखान न नीतिसन्देशसँग अत्यन्तै नजिक भएर आएका हुन्छन् अर्थात् उखानहरु लोकध्वनि हुन् जहाँ कलासौन्दर्य र नीतिसन्देश प्रचुर मात्रामा रहेको हुन्छ । अझ उखान र नीति शिक्षाको सन्दर्भलाई गहन रुपमा अध्ययन गर्दै जाने हो भने उखानहरु नै नीतिशिक्षाका प्रयोगशाला नै हुन् जो मूर्तरुपमा व्यक्त भएका हुन्छन् । नीतिशिक्षालाई सहीअर्थमा चिन्नका लागि उखानलाई भाषा शिक्षणको सामग्रीका रुपमा प्रयोग गर्नु जरुरी छ ।

**उखान शिक्षणको महत्व**

भाषाको अभिन्न अङ्गका रुपमा पनि उखानलाई लिन सकिन्छ । उखान वाक्यात्मक भएर पनि भाषााको अभिन्न अङ्गका रुपमा काम गरेका हुन्छन्  । उखानले एकतिर समग्र अभिव्यव्तलाई जोड दिएका हुन्छन् भने अर्कातिर भाषाको विशिष्ट कार्य गरेका हुन्छन् । साहित्यका जुनसुकै विधाको शिक्षण गराउँदा पनि उखान अत्यन्तै उपयोगी बन्न सक्छन् । जस्तै उदाहरणका रुपमा गुरुप्रसाद मैनालीको छिमेकी कथाको यो अंशलाई लिन सकिन्छ ।

"...... **छिमेकीलाई जिउँदाको जन्ती र मर्दाको मलामी भन्छन्** । "त्यस्ता बेला चटक्क छाडेर भारी खेप्न हिँडे मर्दैन, ए तिमी त ..........। यस्तै हो, मैले पनि सहेर बसिदिएको भए किन झगडा हुन्थ्यो । **एउटै सिरन गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ** ........ । ........ धर्म छाड्नु हुन्छ ? **आफूले साँचो मनले उपकार गरेपछि उसका आत्माले पनि कर लाउँछ** । "अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? **माटाको भर ढुङ्गो र ढुङ्को भर माटो, संसार भर-भरमा अढेको छ** । यो भरको ताँदो छिन्ने बित्तिकै भताभुङ्ग हुन्छ ।" (गुरूप्रसाद मैनालीको छिमे की कथाबाट)

माथिको छिमेकी कथाको अंशमा गुरूप्रसाद मैनालीले अत्यन्तै सुन्दर तरिकाले नेपाली उखानको सुन्दर प्रयोग गरेर नीति सन्देश दिएका छन् । उखानहरु सङ्कलित ज्ञानको नीति सन्देश मूलक शुत्रवद्ध प्रस्तुति हुन् । प्रत्येक उखानहरुले कुनै न कुनै महत्वपूर्ण नीतिसन्देश वा ज्ञानलाई प्रस्तुत गरेका हुन्छन् । त्यसैले पनि प्रत्येक उखानहरु आफैमा नीतिसन्देश मूलक ज्ञानकोष हुन् । तलका छोटा छोटा वाक्यात्मक उखानबाट वाक्यनिर्माण गर्न सिकाउन सरल बन्न सक्छ ।  जस्तै :-अगि सम्झे सदा खुसी, पछि सम्झे सदा दुःखी ।  अचानाको पीर खुकुरीले जान्दैन । अति भए खती हुन्छ । अन्धाको देशमा आँखा चिम्लनु, लङ्गडाको देशमा खुट्टो खोच्याउनु । अर्काले हात्ती चढ्यो भन्दैमा धुरी चढ्नु हुँदैन् । आईलाग्ने माथि जाईलाग्नु । आगो ताप्नु मुढाको कुरा सुन्नु बुढाको । आदि

यी उखानहरु शिक्षण गर्न पनि त्यत्तिकै रोचक बन्न सक्छन् भने भाषा सिकाउँदा छोटा छोटा वाक्यमा समग्र भनाईलाई जोड दिन सकिन् भएकाले यी उखानहरु भाषा शिक्षणका लागि अत्यन्त उपयोगी बन्न सक्छन् । उखानहरुलाई भाषा शिक्षणको सामग्रीका रुपमा प्रयोग गर्दा विद्यार्थीहरुलाई एकातिर नीतिशिक्षा प्रवाह भएको हुन्छ भने अर्कातिर उच्च स्तरको भाषा प्रयोग गर्न सिकेका हुन्छन्  । उखानहरू कि त नीतिसन्देश मूलक प्रतीयमान विशिष्ट अर्थ प्रदान गर्न प्रयोग हुन्छन् कि त व्यङ्ग्यार्थ प्रदान गर्न प्रयोग हुन्छन् । माथिका उखानमा व्यङ्ग्यार्थ भन्दा नीतिसन्देश मूलक प्रतीयमान अर्थ प्रदान गर्न प्रयोग भएका छन् । उखानलाई अध्ययन गर्ने हो भने उखानको विशिष्ट अर्थ वा सन्देश उखानमा नै आश्रित भएको पाइन्छ । माथिको कथाम्समा हेर्दा पनि धनजीने र गुमानेको छिमेकी सम्बन्ध तितोपिरो भए पनि अन्ततः छिमेकी भनेको जिउँदाको जन्ती र मर्दाको मलामी अर्थात् दुःखमा साथ दिने सहयात्री हो भन्ने नीतिसन्देशलाई एउटै उखानले उच्च स्तरबाट व्यक्त गरेको छ । यसरी सरल ढंगले उखान शिक्षणबाट सहजै लक्ष्य प्राप्त गर्न सकिन्छ ।

## उखान शिक्षण गर्दा अपनाउनु पर्ने विधिहरु

उखानको प्रयोग सामान्य वक्ताले सजिलै गर्न सक्दैन । यसका लागि कि त व्यावहारिक रुपले परिपक्क शब्द भण्डारको क्षमता भएको व्यक्तिको आवश्यकता पर्छ कि त उखानको प्रयोगको निरन्तर अभ्यास गरेको व्यक्तिको आवश्यकता पर्छ । उखान शिक्षणका लागि सामान्यरुपले निम्न उपायहरु वा कार्यकलापहरु गर्न सकिन्छ ।

### विषयवस्तु र प्रसङ्गको व्याख्या

उखानहरु जुनसुकै विषयवस्तुको प्रसङ्गमा फिट हुन्छन् । उखानहरु आशय मूलक वा अभिप्राय मूलक हन्छन् । आशयलाई व्यक्त गर्दा होस् या प्रतिकात्मक विम्ब निर्माण गर्दा होस् अथवा लाक्षणिक व्यञ्जनात्मक अर्थ सञ्चार गर्दा उखानको प्रयोग हुने भएकाले उखानहरु सङ्कलित ज्ञानको नीति सन्देश मूलक शुवद्धध प्रस्तुति हुन् । प्रत्येक उखानहरुले कुनै न कुनै महत्वपूर्ण नीतिसन्देश वा ज्ञानलाई प्रस्तुत गरेका हुन्छन् । त्यसैले पनि प्रत्येक उखानहरु आफैमा नीति सन्देश मूलक ज्ञानकोष हुन् । उखानहरु व्यक्त गर्नु पूर्व त्यसको विषयवस्तु र प्रसङ्गलाई व्याख्या गर्नुपर्छ जसबाट उखान शिक्षण प्रभावकारी बन्न सक्छ । जस्तै : सुखी हुनका लागि के गर्नुपर्छ भन्ने प्रश्नमा, "अगि सम्झे सदा खुसी, पछि सम्झे सदा दुःखी ।"यो उखानले सुखको शुत्र दिएको छ । त्यस्तै पीडा दिने व्यक्तिले पीडाको मर्म जानेको हुदैन भन्ने कुरालाई यस उखानले व्यक्त गरेको छ , "अचानाको पीर खुकुरीले जान्दैन ।" त्यस्तै कुनै पनि कुरालाई धेरै दुख दिन हुदैन भन्ने करालाई यस उखानले सरल ढंगले भनेको छ ,"अति भए खती हुन्छ ।" त्यस्तै समय परिस्थिति र स्थान अनुसार आफूलाई ढाल्न सिक्नु पर्छ भन्ने भनाईलाइ यस उखानले सजिलै भने को छ ,"अन्धाको देशमा आँखा चिम्लनु, लङ्गडाको देशमा खुट्टो खोच्याउनु ।" अर्काको देखासिकी गर्ने व्यक्तिलाई यस उखानले सचेत गराएको छ ,"अर्काले हात्ती चढ्यो भन्दैमा धुरी चढ्नु हुँदैन् ।" । "आईलाग्ने माथि जाईलाग्नु ।" निहु खोज्न नजानु निहु खोज्न आउनेलाई नछाडनु भन्ने भनाईलाई यस उखानले चरितार्थ गरेको छ । "आगो ताप्नु मुढाको कुरा सुन्नु बुढाको ।" यस उखानले आगो ताप्नैपरे ठूलो मुडाको तप्नुपर्छ र पाको पुरानो अनभुवी व्यक्तिको कुरा सुन्नुपर्छ भन्ने कुरालाई जनाएको छ । "ईख नभएको मान्छे र बिख नभएको सर्पको के काम ?"जीवनमा आफ् नो लक्ष्यप्रति प्रतिबद्ध हुनुपर्छ भन्ने करालाई यस उखाने जनाएको छ । "कागले कान लग्यो भन्दैमा कागको पछि नलाग्नु ।" यस उखानले हल्लाको पछि लाग्नुभन्दा आफूलाई सचेत राख्नुपर्छ भन्ने कुराप्रति सचेत गराएको छ । "खाने बेलामा घिन नसम्झनु, सुत्ने बेलामा रिन नसम्झनु ।" महत्वपूर्ण समयमा रिन र घिन सम्झिनु हुँदैन भन्ने कुरालाई यस उखानले जनाएको छ । त्यस्तै यस्ता प्रसस्तै उखानहरु छन् जसले कुनै न कुनै सन्देशलाई जनाएका छन् । ठूलो रुखको ओत लागे एक झरी ओत्छ । फलको बस्ना वरिपरि, मान्छेको बास्ना डाँडापारि । मनको बह, कसैसँग न कह । सप्रिने घरको बेलुकाको मतो, बिग्रने घरको बिहानको मतो । उखेलिने घरको मतो न जतो । सर्प पनि नमरोस् लठ्ठी पनि नभाँचियोस् । स्यालको सिकार जाँदा बाघको सर्जाम गर्नु । हुलमुलमा जिउ जोगाउनु, अनिकालमा बिउ जोगाउनु ।

### पृष्ठभूमिको व्याख्या

उखानहरुले लोकमानसलाई आत्मसात गरेका हुन्छन् उखानहरु निर्माणका पछाडि जीवन भोगाईका मार्मिक अनुभवका सन्दर्भहरु कारणका रुपमा रहेका हुन्छन् । यनै कारणहरु नै उखान निर्माणका पृष्ठभूमि हुन् । जस्तै : खान्न खान्न लोकाचार खान थाले माना चार । (बाहिर एउटा कुरा गर्ने भित्र अर्कै कुरा सोच्ने) । गए बाटो छ ,बसे आटो छ । (करकाप नगर्नु ) ताक परे तिवारी ,नत्र गोतामे (अवसरवादी ) । मेरा गोरूका बाह्रै टक्का । (आफ्नै कुरा सही मान्नु) । औंलो दिँदा पाखुरी निल्नु । (छुचो बानी भएको) । एक हातले ताली बज्दैन । आदि (दोहोरो सम्बन्ध नभएको)

उखानहरुलाई शिक्षण गर्दा उखान प्रयोग हुने अवस्थाको पृष्ठभूमिलाई व्याख्या गर्दा उखान शिक्षण गर्न सजिलो हुन्छ । उखानहरुलाई अनुभवसिद्ध ज्ञानका रुपमा पनि लिन सकिन्छ । मानिसले युगौं-युगबाट जुन कुराको अनुभव गर्दै

आएको छ त्यसको प्रकाशन उखानबाट भएको छ । यसका साथै उखानले कथनलाई मीठो र सामान्य भनाईलाई विशिष्ट बनाउन मद्दत पुऱ्याउने साधनका रुपमा पनि प्रयोग भएको हुन्छ । त्यसैले अनुभवजन्य उखान प्रयोगका पृष्ठभूमिले गर्दा उखान शिक्षण प्रभावकारी बन्छ ।

**प्रयोगको निरन्तर अभ्यास**

उखानहरू प्रयोग गर्नका लागि निरन्तर अभ्यास गर्नुपर्छ । निरन्तर अभ्यास बिना कनै पनि विद्वानले उखानको प्रयोग गर्न सक्दैन । यदि उखानको प्रयोग गरिहाले पनि अप्रासाङ्गिक बन्न सक्छ । उखान जब कथन वा उक्तिमा नै मिसिएर आउँछ तब उखान सार्थक बन्न सक्छ । प्रसङ्गसँग मिल्ने उखानको छनोट गर्न त्यति सरल छैन । प्रयोगको निरन्तर अभ्यास कत्यभाषा र लेख्यभाषा दुबैमा गर्न सकिन्छ । सर्वप्रथन कथ्य भाषाको अभ्यासलाई जोड दिनपर्छ । कथ्यभाषामा केही बानी लाग्न थाले पछि मात्र लेख्यभाषाको अभ्यासलाई जोड दिनुपर्छ । निरन्तर अभ्यास गर्न थाले पछि बिस्तारै स्वभाविक ढङ्गले उखानहरु भाषिक प्रयोगमा आउन थाल्छन् । जब उखानको प्रयोगको निरन्तर अभ्यास हुन्छ तबमात्र उखान शिक्षण गर्न पनि सजिलो हुन्छ र सिक्न पनि सजिलो हुन्छ । त्यसैले उखान शिक्षणमा प्रयोग र अभ्यासलाई महत्वपूर्ण मानिन्छ । प्रतीयमान विशिष्ट अर्थ प्रदान गर्न, व्यङ्ग्यार्थ प्रदान गर्न उखान प्रयोग भएका हुन्छन् ।

**अभिनय र भाषण कलामा जोड**

उखान शिक्षणलाई प्रभावकारी बनाउन दुई प्रकारका विधिहरु अपनाउन सकिन्छ । अभिनयमा जोड दिएर र भाषण कलामा जोड दिएर । अभिनय गर्दा बोली सहितको हाउ भाव र भाषण गर्दा प्रसङ्ग अनुसारको उखान प्रयोग गर्ने बानीको विकासमा जोड दिनुपर्छ । अफ ठाँउ ठाँउमा व्यङ्ग्यको प्रयोग गर्दा उखानको प्रयोगमा जोड दिनुपर्छ । सोफो अर्थमा उखानहरू प्रयोग हुँदैनन् वा उखान वाच्चार्थ मूलक हुँदैनन् । त्यसैले लक्ष्यार्थ मूलक र व्यङ्ग्यार्थ मूलक उच्च स्तरको भाषा प्रयोगमा जोड दिन सकिन्छ । उखानहरु लक्ष्यार्थमूलक र व्यङ्ग्यार्थमूलक गरी दुई  प्रकारका हुन्छन् । लक्ष्यार्थ मूलक उखान - उखानहरू प्रायजसो लक्ष्यार्थ मूलक नै हुन्छन् । वाच्यार्थमा कुनै कुरालाई गहिरो तरिकाले भन्न नसक्दा होस् या लामो र ठूलो कुरालाई सटिक रुपले छोटोमा भन्नुपर्दा लक्ष्य गरेर भन्ने गरिन्छ । वाच्यार्थको असमर्थतालाई लक्ष्यार्थले पूरा गरेको हुन्छ । कुनै कुरालाई सोफो रुपमा भन्न सकिएन भने लक्ष्यार्थ स्वभाविक रुपले प्रयोग हुन्छ । जस्तै भाषण गर्दा अभिनय सहित यी उखानलाई प्रयोग गर्न सकिन्छ । कसैलाई काखा कसैलाई पाखा । (भेदभाव गर्नु) । खान्न खान्न लोकाचार खान थाले माना चार । (बाहिर एउटा कुरा गर्ने भित्र अर्कै कुरा सोच्ने) । गए बाटो छ ,बसे आटो छ । (करकाप नगर्नु) । ताक परे तिवारी ,नत्र गोतामे (अवसरवादी) । मेरा गोरूका बाह्रै टक्का । (आफ्नै कुरा सही मान्नु) । औंलो दिदा पाखुरी निल्नु । (छुचो बानी भएको) । एक हातले ताली बज्दैन । आदि (दोहोरो सम्बन्ध नभएको) आदि ।

**सिर्जनात्मक लेखनमा जोड**

उखान शिक्षणको अर्को महत्वपूर्ण कार्य भनेको सिकारुलाई स्वतन्त्र साहित्य लेखनमा जोड दिनु हो । साहित्यका विविभ विधाहरु कविता, कथा, निवन्ध, नाटकादि सिर्जनामा जोड दिँदै ती सिर्जनाहरुमा प्रसङ्ग अनुसार उखानको प्रयोगमा जोड दिन सकिन्छ । सिर्जनालाई ठाँउ ठाँउमा वाचन तथा प्रकाशनमा जोड लिएर उखानको प्रयोगमा अभ्यस्त बनाउन सकिन्छ ।

सिर्जना गर्न लगाउँदा सुरुमा सामान्य स्तरका सिर्जनामा जोड दिँदै बिस्तारै उच्च स्तरको सिर्जनातिर लैजानु पर्छ । लक्ष्यार्थमूलक उखानले सामान्य स्रोतालाई अर्थ स्पष्ट पार्न सक्छन् र व्यङ्ग्यार्थ मूलक उखानले उच्च स्तरको अर्थ प्रदान गर्न सक्ने हुन्छन् । हुन त लक्ष्यार्थमा प्रयोग भएका उखानले आफ्नो लक्ष्यार्थलाई प्रस्तुत गरे पछि बिस्तारै

उपल्लो स्तरको व्यङ्ग्यार्थ दियो भने त्यसलाई उच्च स्तरको उखान भनिन्छ । यसका लागि वक्ता र स्रोताको स्तर मिल्नु पर्छ । सामान्य स्रोताले लक्ष्यार्थ मात्रै बोध गर्छ अर्थात् मुस्किलले वक्ताले लक्ष्य गरेको कुरालाई बुझ्छ भने उपल्लो स्तरको स्रोताले लक्ष्यार्थ पनि बोध गरेको हुन्छ भने व्यङ्ग्यार्थ पनि बोध गर्न सक्छ ।

**उखानको निरन्तर अध्ययनमा जोड**

निरन्तर रुपमा उखानको अध्ययनमा जोड दिन सकेमा मात्र उखान भण्डार क्षमताको वृद्धि हुन्छ जसबाट उखानको प्रयोग सहज हुन्छ । कुनै पनि कुरा आफूसँग भएमा मात्र प्रयोगकर्ताले प्रयोग गर्ने हो नत्र प्रयोग सम्भव हुँदैन । उखान भण्डारको क्षमतावान व्यक्तिबाट मात्र उसले आफ्नो भाषामा उखानको सहज प्रयोग गर्न सक्छ । त्यसैले उखान शिक्षणका लागि उखानको निरन्तर अध्ययनमा जोड दिनुपर्छ । विद्यार्थीहरुलाई उखानसँग सम्बन्धित विभिन्न पुस्तकहरु प्त्र पत्रिकाहरु हाँस्यव्यङ्ग्य लेख रचनाहरु र अनुभवी व्यक्तिहरुका कुरामा समेत उखानको प्रयोग भएको हुन्छ त्यसैले उनिहरुका कुराहरु पनि सुन्न पर्छ जसबाट उनीहरुको शैलीको अनुशरण गर्न सकिन्छ ।

यी विभिन्न उपायका अतिरिक्त अनुभवी व्यक्तिसँगको भलाकुसारी, वार्तालाप, हाँसीमजाक, वहस, छलफल आदिबाट पनि उखान शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ ।

**निष्कर्ष**

उखान लोक साहित्यको महत्वपूर्ण विधा हो र लोकको बौद्धिक उक्ति हो । लोकले सदियौं देखिका अनुभवहरूलाई सूत्रात्मक रुपले प्रस्तुत गर्दा उखानहरू जन्मिएका हुन् । उखान शिक्षण भाषा शिक्षणका लागि अत्यन्तै महत्वपूर्ण मानिन्छ । अर्थात भाषा शिक्षणको उपयोगी सामग्रीका रुपमा उखानलाई प्रयोग गर्न सकिन्छ । उखानलाई सामग्रीका रुपमा प्रयोग गर्दा एकातिर सिकारुले महत्वपूर्ण नीतिशिक्षा सिकेको हुन्छ भने अर्कातिर भाषिक क्षमताको वृद्धि गर्न सक्छ । हुनत उखानको अन्तिम लक्ष्य भनेको नीतिशिक्षा हो तर भाषिक रुपले क्षमतावान नभएसम्म वा आफ्नो ज्ञानको क्षितिज नबढाएसम्म नीति सन्देश ग्रहण गर्न सक्दैन । उखानहरू नीतिसन्देश मूलक र व्यङ्ग्यार्थ मूलक हुन्छन् भने रसिला पनि हुन्छन् । त्यसो त उखानहरू समाजका विभिन्न विषय र क्षेत्रसँग सम्बन्धित हुन्छन् जसले समाजका हरेक क्षेत्रमा देखिएका समस्याहरूलाई सकारात्मक वा नकारात्मक दुबै रुपले व्यङ्ग्य गरेका हुन्छन् । उखानले व्यक्त गर्ने नीतिसन्देश उच्च स्तरको प्रतीयमान अर्थ दिने हुन्छ । त्यसैले उखानको अध्ययन गरी यसलाई भाषा शिक्षणको सामग्रीका रुपमा प्रयोग गरी एकातिर व्यवहारिक जीवनमा यसको प्रयोग गर्नु र अर्कातिर महत्वपूर्ण ज्ञान प्राप्त गर्नमा उखान शिक्षण उपयोगी साबित हुनसक्छ ।

**सन्दर्भ सामग्री सूची**

अधिकारी, हेमाङ्गराज (२०६४), नेपाली भाषा शिक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पराजुली, कृष्णप्रसाद (२०५४), नेपाली उखान र गाउँखाने कथा, काठमाडौं : रत्नपुस्तक . भण्डार ।

बन्धु, चुडामणि (२०६२), नेपाली लोक साहित्य, काठमाडौं : साझा प्रकासन ।

थापा, धर्मराज र अन्य (२०४१), नेपाली साहित्यको विवेचना, काठमाडौं : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

शर्मा केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६७), नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०५२), शोधविधि, काठमाडौं : साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६३), लोकवार्ता विज्ञान र लोक साहित्य, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।